# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# आठराई गाउँपालिका
# तेह्रथुम




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फर्स्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजुउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

२०७९ आषाढ

# महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal


**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नं. १**

पत्र संख्याः २०७८।७९
च.नं. ५१३

मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
आठराई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
तेह्रथुम।

**कैफियतसहितको राय**

हामीले आठराई गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग नगरी वित्तीय विवरण तयार गरेको छ ।

२. लेखापरीक्षणबाट रू.१२ करोड ८ लाख ७४ हजार बेरुजु देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू.१० लाख ९९ हजार फस्र्याैट भई बाँकी बेरुजु रू.११ करोड ९७ लाख ७५ हजार कायम भएकोमा असुल गर्नुपर्ने रू.२० लाख ५८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१० करोड ९० लाख ३५ हजार, नियमित गर्नुपर्ने रू.८६ लाख ८१ हजार रहेको छ । गाउँपालिकाको गतवर्ष रु.२३ करोड ३५ लाख ७ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजू रु.३५ करोड ३२ लाख ८२ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( पद्मप्रसाद आचार्य )
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

आठराई गाउँपालिका, तेह्रथुम

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| २७ | ६२ | १२०८७४ | ० | ६ | १०९९ | २७ | ५६ | ११९७७५ | २०५८ | ८६८१ | १०९०३५ | ० | ० | ११७७१७ | ० |

## अद्यावधिक बेरुजुस्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| आठराई गाउँपालिका | २३३५०७ | ० | ० | २३३५०७ | ० | ११९७७५ | ३५३२८२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : आठराई गाउँपालिका, तेह्रथुम , आठराई गाउँपालिका , तेह्रथुम

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Dambar bahadur angdembe | २०७८-९-१२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | bikash ghimire | २०७८-१०-१९ | |
| | | **बेरुजु रकम** | १११,७७४,५३२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ११,०२,७१,०५७.०५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४३,१७,४२,६२० | चालु खर्च | ३२,०५,९१,७९९.७४ |
| प्रदेश सरकारबाट अनुदान | १,७५,९६,००० | पूँजीगत खर्च | ८,४३,९९,०३३.५ |
| राजश्व बाँडफाँट | ० | वित्तीय/अन्य व्यवस्था | ३१,६८,६२६ |
| आन्तरिक आय | ६,८०,४५,५०५.०२ | | |
| अन्य आय | ६९,५१,०३५.३५ | | |
| कुल आय | ५२,४३,३५,१६०.३७ | कुल खर्च | ४०,८१,५९,४५९.२४ |
| बाँकी मौज्दात | | २२,६४,४६,७५८.१८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **a** | |
| २ | | | **जिम्मेवारी**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । पालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा सञ्चित कोषमा बाँकी रहेको रु.112537270।- जिम्मेवारी सार्नु पर्नेमा रु.110271057।- मात्र जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.2266213।- घटी जिम्मेवारी सरेको सम्बन्धमा आवश्यक कारबाही गरी यकिन गर्नुपर्ने देखिएको रु... | २,२६६,२१३ |
| ३ | | | **अनुदान फिर्ता**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षान्तमा खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार २०78 आषाढ मसान्तसम्ममा संघीय सरकारतर्फ रु.82671086।- र प्रदेश सरकारतर्फ रु°9119933।- गरी जम्मा रु.91791019।- अनुदान खर्च नभई बाँकी देखिएकोले फिर्ता गरी प्रमाण पेश हुनुपर्ने रु... | ९१,७९१,०१९ |
| ४ | | | **बैक हिसाब मिलान**<br><br>**बैक हिसाब मिलान** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले एकिन गरी बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्दछ ।<br><br>**श्रेस्ता अनुसार बाँकी**: २२६४४६७५८ — **बैंक स्टेटमेण्ट अनुसार बाँकी**: २४४०६६१०८ — **बढी बैंक मौज्दात**: १७६१९३५० | |
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन् ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार पालिकाले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>· गाउँपालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची-२११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।<br>· गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा भएको व्यवस्था अनुसार गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>· कार्यालयको ब्याकहो लोडर सञ्चालन सम्बन्धी समिति बनाई सोको आम्दानी खर्चलाई व्यवस्थीत बनाउनुपर्नेमा सो अनुसार भए गरेको पाइएन ।<br>· दिगो बिकास योजना २०१५÷३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>· गाउँपालिकाले सहायक जिन्सी खाता अध्यावधिक गरी मोटर साइकल, ल्यापटप, मोवाईल जस्ता जिन्सी सामानहरु सहायक खाता मार्फत जिम्माजमानी गराई दिनु पर्नेमा सो नगराई दिने गरेको देखियो।<br>· वडा कार्यालय र विभिन्न विषयगत शाखामा रहेका जिन्सी सामानको स्पेसिफिकेशन, परल मुल्य सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन ।<br>· कार्यालयबाट जिन्सी सामानहरु हस्तान्तरण गर्दा पाम्सबाट तयार गरिएको हस्तान्तरण फारम प्रयोग गर्ने नगरेको ।<br>· मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74<br>(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार गाउँपालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।<br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>· निजामती सेवा ऐन, 2049 अनुसार कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>· प्रचलित ऐन अनुसार कर्मचारीहरुको तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले स्वास्थ्य तथा आयुर्वेद तर्फका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.९७८१९६०।५३ तलबभत्ता खर्च लेखेको पाईयो ।<br>· गाउँपालिकाका पदाधिकारीलाई मासिक अनुगमन सुविधा भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न गर्ने गरेको देखिएन ।<br>· गाउँपालिकाका पदाधिकारीहरुले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारण गर्ने गरेको देखिएन ।<br>· गाउँपालिका अध्यक्षले पालिका क्षेत्रभन्दा बाहिर ३ दिनभन्दा बढी अवधिको भ्रमण आदेश यथा सम्भव अग्रीमरुपमा र अग्रीमरुपमा सम्भव नभए लगत्तैको कार्यपालिका बैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेमा नगराई आफैले स्वीकृत गर्ने गरेको देखियो ।<br>· कतिपय भ्रमण खर्चको विल साथ भ्रमण प्रतिवेदन पेश गर्ने गरेको देखिएन ।<br>· मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मसँग रु.२० हजार भन्दा कम रकमका विभिन्न विलहरु मार्फत मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्ने गरेको देखियो। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | · निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदनमा प्राविधिकवाट काम सुरु मिति, सम्पन्न गर्नुपर्ने मिति, सम्पन्न भएको मिति, भुक्तानी भौचर नं० आदि उल्लेख गर्ने गरेको देखिएन ।<br>· उपभोक्ता समिति गठन गर्दा समितिका पदाधिकारीहरु कुनै लाभको पदमा नरहेको भनी स्वयं घोषणा पेश गर्नुपर्नेमा पेश गर्ने गरेको देखिएन ।<br>· उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन कार्यविधि बमोजिम उपभोक्ता समितिले प्रयोग गर्नुपर्ने अनुसूची फारामहरु प्रयोग गर्ने गरेको देखिएन ।<br>· उपभोक्ता समिति मार्फत संचालित योजनाहरुमा मेसिन प्रयोग गर्न नहुने र प्रयोग गर्नुपर्दा कारण खुलाई प्राविधिकको सिफारिस लिनुपर्नेमा त्यस्तो सिफारिस लिने गरेको देखिएन ।<br>· कतिपय भ्रमण आदेशमा स्पष्ट काम उल्लेख नगरी कार्यालय सम्बन्धी काम मात्र उल्लेख गर्ने गरेको देखियो।<br>· कतिपय गोश्वारा भौचरसाथ संलग्न विल भरपाई अनुसार हुने खर्चको तेरिज तयार गरी राख्ने गरेको देखिएन।<br>· स्थानीय भत्ता भुक्तानी लिएका कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता बापतको रकम कट्टी गर्ने गरेको देखिएन ।<br>· कतिपय गोश्वारा भौचरसाथ सक्कल कर विजकहरु नराखी फोटोकपी कर विजकबाट समेत खर्च लेख्ने गरेकोले यसमा नियन्त्रण हुनुपर्दछ ।<br>· योगदानमा आधारित निवृत्तिभरण तथा उपदान कोषमा पठाउन खर्च लेखिएको रकम कर्मचारी सञ्चय कोषमा दाखिला गरेको प्रमाण खर्चको गोश्वारा भौचरसाथ संलग्न गर्ने गरेको देखिएन।<br>· पालिकाले आफुलाई आवश्यक कार्यालय सञ्चालन सम्बन्धी जिन्सी सामानहरु प्रतिस्पर्धा नगराई पटक पटक सोझै खरिद गर्ने गरेको देखियो ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेटमा छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री रुपा देवी कन्दङ्गवाले २०७७।३।१० गते रु.५६ करोड ७ लाख ९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ७ | | | **लेखापरीक्षण फाराम**<br>लेखापरीक्षणको लागि आवश्यक विभिन्न फारामहरु भर्न दिएकोमा कार्यालयवाट उक्त फारामहरु प्राप्त हुन नआएकोले सो सम्बन्धमा थप विश्लेषण गर्न सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **दरबन्दी**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा प्रशासकीय संगठन र कर्मचारी दरबन्दी सम्बन्धी व्यवस्था छ । उक्त व्यवस्था बमोजिम कार्यालयबाट संगठन संरचना एवं दरबन्दी स्वीकृती सम्बन्धी कार्य भएको छैन । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट प्राप्त विवरण अनुसार पालिकामा कार्यालय सहयोगी र सवारी चालक बाहेक विभिन्न पदका गरी ७७ जनाको दरबन्दी स्वीकृत गरेको देखिन्छ । हाल पालिकामा दरबन्दी भित्र विभिन्न पदका स्थायीतर्फ ३९ र करारतर्फ ३९ जना गरी ७८ जना कर्मचारी कार्यरत देखिएका छन् । पालिकाले दरबन्दी बाहेकको करारमा विभिन्न पदमा गरी १ जना कर्मचारी भर्ना गरेको देखिन्छ । करारमा कार्यरत विभिन्न ३९ जना दरबन्दी भित्रका कर्मचारीहरु र कार्यालय सहयोगी एवं सवारी चालक समेतको तलब भत्ता बापत यस वर्ष जम्मा रु. १ करोड ५१ लाख १ हजार खर्च भएको छ । तसर्थ पालिकाले आफ्नो संगठनको संरचना गरी वास्तविक आवश्यकता, औचित्यता र मितव्ययिताको आधारमा स्थायी तथा सेवा करारवाट लिइने दरबन्दी स्वीकृत गरी सोको व्यवस्थापन गर्नुपर्दछ ।<br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेकको इन्जिनियर-1, असिस्टेन्ट सब इन्जिनियर-२, मुखिया- १ गरी ४ जना कर्मचारी करारमा नियुक्ति गरी बर्षभरीमा निजहरुको तलब भत्ता बापत रु. १५०६५३०/– भुक्तानी गरेको छ । यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु... | १,५०६,५३० |
| ९ | | | **कर्मचारी प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने र दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को बुँदा नं.७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून एवं कार्यविधि बनाई राजपत्रमा समेत प्रकाशित गरी यो बर्ष विभिन्न १७ जना कर्मचारीलाई मासिक तलबको २५ प्रतिशतका दरले प्रोत्साहन भत्तास्वरुप रु. ६९०६२५।- खर्च गरेको देखियो । यस प्रकारको खर्चवाट पालिकालाई व्ययभार बढ्न गएको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले निर्धारित बजेट एवं आन्तरिक आयको परीधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष गाउँपालिका चालु शीर्षकबाट खाना तथा विविधतर्फ रु. ८७१४६५/÷ खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ । | |
| ११ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । गाउँपालिकाले यस बर्ष कार्यविधि तयार गरी विभिन्न दीर्घरोगी उपचार तथा दैवी प्रकोप पीडितलाई प्रति व्यक्ति घटीमा रु. १००००/– देखि बढीमा रु. ३००००/– सम्म गरी आर्थिक सहायता बापत रु० ६२५३८६।- वितरण गरेको देखियो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| १२ | | | **अग्रीम कर**<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.१६७७८/÷ अग्रिम कर कट्टी नगरेको एवं घटी कट्टी गरेकोले उक्त रकम असुल हुनुपर्ने रु... | १६,७७८ |

| **भौ नं. र मिति** | **करको प्रकार** | **भुक्तानी लिनेको नाम** | **भुक्तानी विवरण** | **भुक्तानी रकम** | **कर रकम** |
|---|---|---|---|---|---|
| **गा.पा. चालुतर्फ** | | | | | |
| १०६-०७७।१२।४ | अग्रीम कर | तालिम संयोजक पारस राई | मेलमिलाप सम्बन्धी तालिममा खाना तथा आवास खर्च बापतको रकम नगदै भुक्तानी | १०८०० | १४५८ |
| १०६-०७७।१२।४ | अग्रीम कर | तालिम संयोजक गायत्री थेगिम | मेलमिलाप सम्बन्धी तालिममा खाना तथा आवास खर्च बापतको रकम नगदै भुक्तानी | १०८०० | १४५८ |
| **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम चालु** | | | | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १०५-०७८।३।१७ | अग्रीम कर | पाथिभरा परामर्श सेवा केन्द्र | स्वास्थ्य संस्थाको सामाजिक परिक्षण | १००००० | ६०३५ |
| ५९-०७८।१।१२ | अग्रीम कर | रोजगार संयोजक कृष्ण प्रसाद चम्लागाई | उद्यमशिलता विकास तालिम वडा नं.५,६ र ७ मा | १७७९५५ | २६७० |
| १४१-०७८।३।२४ | अग्रीम कर | रोजगार संयोजक कृष्ण प्रसाद चम्लागाई | मेड्पा कार्यक्रम अन्तरगत विभिन्न तालिम सञ्चालन | ५४४६८२ | २७०२ |
| **गा.पा. चलु कृषितर्फ** | | | | | |
| २-०७७।१०।२ | अग्रीम कर | दिपिका कृषि केन्द्र | मिनिकिट बिउ खरिद | १८२२०० | २४५५ |
| | | **जम्मा** | | | **१६७७८** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **मूल्य अभिवृद्धि कर कट्टी**<br>आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशतले कट्टी गरेको मु.अ.कर रकम रु. २३०७५४।- राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | २३०,७५४ |

| **गोभौनं./मिति** | **भुक्तानी पाउनेको नाम** | **भुक्तानी रकम मु.अ.कर समेत** | **मु०अ०कर रकम** | **५० प्रतिशत मु०अ०कर रकम** |
|---|---|---|---|---|
| **संघीय शर्शत चालुतर्फ** | | | | |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १०३-०७८।३।१२ | ढुंगना अफसेट प्रेस एण्ड सप्लायर्स | ४९९४३७ | ५७४५७ | २८७२८ | | |
| | | | | १०४-०७८।३।१७ | ढुंगना अफसेट प्रेस एण्ड सप्लायर्स | ३९३९८५ | ४५३२५ | २२६६३ | | |
| | | | | १२६-०७८।३।२३ | न्यु मिनिस्टार कम्प्युटर इन्ष्टिच्युट | २४४६३९ | २८१४४ | १४०७२ | | |
| | | | | ४५-०७७।१२।५ | तेजस्वी कम्प्युटर सपोर्ट | ७३४३०० | ८४४७६ | ४२२३८ | | |
| | | | | ५३-०७७।१२।२५ | रिद्घि सिद्घि मेडिटेक इन्टरनेशनल | १११३३२८ | १२८०८२ | ६४०४१ | | |
| | | | | १६२-०७८।३।२५ | निरौला स्टेशनरी एण्ड छपाइ सप्लायर्स | ४००००० | ४६०१८ | २३००९ | | |
| | | | | **संघीय शर्शत पूँजिगततर्फ** | | | | | | |
| | | | | ६-०७८।३।२१ | मा पाथिभारा भगवती ट्रेड एण्ड सप्लायर्स | ४३३५८१ | ४९८८० | २४९४० | | |
| | | | | ११-०७८।३।२३ | स्मृती सप्लायर्स | १९२३२६ | २२१२६ | ११०६३ | | |
| | | | | | **जम्मा** | | | **२३०७५४** | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **वितरणमुखी कार्यक्रम**<br>स्थानीय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने, जनताको जीवनस्तर उठाउने, आय आर्जनसंग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासका योजनाहरुको छनौटमा ध्यान दिनुपर्दछ । गाउँपालिकाले संघीय सरकारवाट सिमित श्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सिमित रहेको अवस्थामा सिमित श्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजना कार्यान्वयन गर्नुपर्नेमा वितरणमुखी योजनाहरु संचालन गरेको देखियो । यस्ता वितरणमुखी योजनाहरुले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्याउने देखिदैन । यस प्रकारको योजनाहरुमा खरिद गरी वितरण गरेका विभिन्न जिन्सी सामानहरु सम्बन्धित संस्थाको जिन्सीमा आम्दानी बाँधेको समेत देखिंदैन । यसरी संस्थाको जिन्सिमा आम्दानी नभएका सामानहरु संरक्षित हुन पनि सक्दैनन् । उदाहरणका रुपमा केही कार्यक्रमहरु देहाय अनुसार छन् । | |

| भौ०नं० र मिति | विवरण | रकम |
|---|---|---|
| १७१-०७८।३।९ | २२ औँ जिल्ला स्तरिय जुनियर तथा युवा रेडक्रस गोष्ठी सञ्चालन गर्न कृष्ण मा.वि.लाई भुक्तानी | ३००००० |
| १७२-०७८।३।९ | १ नं. वडा स्तरिय महिला फुटबल र पुरुष भलिबल कार्यक्रम सञ्चालन गर्न कृष्ण मा.वि. लाई भुक्तानी | १००००० |
| १७३-०७८।३।१० | साहित्य संगम आठराईलाई साहित्यिक गोष्ठी गर्न | २००००० |
| २०६-०७८।३।२३ | युवा सशक्तिकरण समुह वडा नं. ३ लाई खेलकुद कार्यक्रम गर्न | २००००० |
| २३४-०७८।३।२९ | खेलकुद विकास समिति खाम्लालुङ्गलाई खेलकुद कार्यक्रम गर्न | १०३०००० |
| २३५-०७८।३।२९ | खोरुङ्गदेन सामुदायिक होमस्टेलाई होमस्टे व्यवस्थापन गर्न | २५०००० |
| ४-०७८।१।२३ | त्रिमोहन मा.वि.लाई राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन गर्न | २००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **सक्रान्ति बजार सडक डि.पि.आर.**<br>(गा.पा.चालु)भौ.नं.२२०-२०७८।४।२८ पालिकाले संक्रान्ति बजार सडकको डिपिआर गर्न परामर्शदाता वि.एम.एस. नेपाल प्रा.लि.संग सम्झौता गरी सो बापत प्रा.लि.लाई मुल्य अभिवृद्धि कर सहित रु.४९६०७०।— भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरु देहाय अनुसार छन् | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १५.१ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको काबु बाहिरको परिस्थिती बाहेकको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको प्रति दिन 0.05 प्रतिशतले हिसाव गरी अधिकतम १० प्रतिशतसम्म पूर्व निर्धारित क्षतिपुर्ति दिनुपर्ने व्यवस्था छ । पालिकाले बि.एम.एस. नेपाल प्रा.लि. सँग सक्रान्ति बजार सडकको डि.पि.आर. गर्न २०७७।९।१२ मा गरेको सम्झौता अनुसार २०७७।१०।२५ सम्म सो डि.पि.आर. को अन्तिम प्रतिवेदन पेश गर्नुपर्नेमा ढिलाई गरी २०७८।३।५ मा पेश गरेकोले नियमावलीको व्यवस्था अनुसार सम्झौता अङ्क रु.४९६०७०/- को दैनिक ०.०५ प्रतिशतका दरले ढिलाइ अवधिको पूर्व निर्धारित क्षतिपूर्ति बापतको रकम रु.३२२४५/- प्रा.लि. बाट असुल गर्नुपर्ने रु... | ३२,२४५ |
| १५.२ | | | परामर्सदाताबाट प्रारम्भिक प्रतिवेदन पेश भई त्यसमा भएको त्रुटि सच्याई पुन अन्तिम प्रतिवेदन पेश भएपछि उद्वेश्य अनुसार भएको एकिन गरेर मात्र सम्झौता अनुसारको रकम भुक्तानी गर्नुपर्नेमा प्रारम्भिक प्रतिवेदन पेश नगरी सोझै अन्तिम प्रतिवेदन प्राप्त गरी रकम भुक्तानी भएको छ । अतः अध्ययन नगरी प्राप्त प्रतिवेदनमा कुनै त्रुटि भएमा त्यसबाट कार्यान्वयन चरणमा हुनसक्ने हानीको जिम्मेवारी कसले लिने स्पष्ट हुन सक्दैन । तसर्थ पालिकाले प्रारम्भिक प्रतिवेदन प्राप्त गरी त्यसमा कुनै त्रुटी भए सच्याएर मात्र अन्तिम प्रतिवेदन प्राप्त गर्नुपर्दछ । | |
| १६ | | | **लियन पदको शिक्षकको तलब भत्ता**<br>शिक्षा ऐन नियमावलीले लियन शिक्षक पद खारेज गरेकोले त्यस्ता शिक्षकलाई तलब भत्ता खर्च लेख्न मिल्ने देखिँदैन । कार्यालयले त्रिमोहन माध्यमिक विद्यालयको लियन पदका शिक्षक सिताराम निरौलालाई तलब भत्ता बापत वार्षिक रु. ४९१८७०/- भुक्तानी दिएको देखियो। यस्ता शिक्षकलाई तलब भत्ता दिन नमिल्ने भनी गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएकोमा सुधार नगरी यस वर्ष पनि तलब भत्ता खर्चमा निरन्तरता दिएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु.... | ४९१,८७० |
| १७ | | | **खर्चको पुष्ट्याई**<br>कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ। गाउँपालिकाले देहायको विवरण अनुसार गरेका खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न नगरी खर्च लेखेको देखियो । तसर्थ सो को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु... | ३७५,२०० |

| गो.भौ.र | खर्चको विवरण | भुक्तानी लिनेको नाम | भुक्तानी | कैफियत |
| --- | --- | --- | --- | --- |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| मिति | | | रकम | |
|---|---|---|---|---|
| **गाउँपालिका चालु कृषितर्फ** | | | | |
| २-०७७।१०।२ | बिउ बिजन खरिद तथा वितरण कार्यक्रम अन्तर्गत मिनिकिट खरिद | दिपिका कृषि केन्द्र माफर्त कृषि शाखा | १८२२०० | मिनिकिटको वितरण भरपाई एवं कृषि शाखाको अनुगमन प्रतिवेदन समेत नभएको |
| ६-०७८।१।२० | विभिन्न किसिमका लहरे तरकारी बिउ खरिद | श्री गणेश एग्रो ट्रेडर्स माफर्त कृषि शाखा | १९३००० | तराकारीको बिउ वितरण भरपाई एवं कृषि शाखाको अनुगमन प्रतिवेदन समेत नभएको |
| | | **जम्मा** | **३७५२००** | |

| **गो.भौ.र मिति** | **खर्चको विवरण** | **भुक्तानी लिनेको नाम** | **भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|---|
| **गाउँपालिका चालु कृषितर्फ** | | | | |
| २-०७७।१०।२ | बिउ बिजन खरिद तथा वितरण कार्यक्रम अन्तर्गत मिनिकिट खरिद | दिपिका कृषि केन्द्र माफर्त कृषि शाखा | १८२२०० | मिनिकिटको वितरण भरपाई एवं कृषि शाखाको अनुगमन प्रतिवेदन समेत नभएको |
| ६-०७८।१।२० | विभिन्न किसिमका लहरे तरकारी बिउ खरिद | श्री गणेश एग्रो ट्रेडर्स माफर्त कृषि शाखा | १९३००० | तराकारीको बिउ वितरण भरपाई एवं कृषि शाखाको अनुगमन प्रतिवेदन समेत नभएको |
| | | **जम्मा** | **३७५२००** | |

<table>
<tr><td>क्रम</td><td>भौचर नम्बर</td><td>भौचर मिति</td><td>बिषय</td><td>बेरुजु रकम</td></tr>
<tr><td>१८</td><td></td><td></td><td>

**लागत साझेदारी**

स्वीकृत कार्यक्रम अनुसार लागत सहभागिता जुटाउनु पर्ने कार्यक्रमहरुमा कृषकहरु बाट तोकिए बमोजिम सहभागिता बराबरको रकम असुल गरी बाँकी सहभागिताको अंश मात्र कार्यालयबाट अनुदान स्वरुप खर्च लेख्नु पर्दछ । देहायका कार्यक्रमहरुमा कृषकहरुबाट व्यहोर्नुपर्ने लागत सहभागिता बमोजिमको रकम आंशिक रुपमा मात्र असुल गरी कार्यालयबाट बढी खर्च लेखिएकोले सो रकम असुल गर्नुपर्ने देखिएको रु....

<table>
<tr><td>भौ नं. र मिति</td><td>कार्यक्रमको नाम</td><td>कार्यक्रमको कुल लागत</td><td>कार्यालयले दिनुपर्ने अनुदान</td><td>कार्यालयले दिएको अनुदान</td><td>कार्यालय बाट बढी खर्च</td></tr>
<tr><td colspan="6">गा.पा. चालु कृषितर्फ</td></tr>
<tr><td>११–०७८।३।३०</td><td>७५ प्रतिशत अनुदानमा वर्षे फलफुल बेर्ना खरिद</td><td>३२२०००</td><td>२४१५००</td><td>२७००००</td><td>२८५००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>२८५००</td></tr>
</table>

</td><td>२८,५००</td></tr>
<tr><td>१९</td><td></td><td></td><td>

**स्वास्थ्य केन्द्र भवनको डि.पि.आर.**

पालिकाले यस वर्ष १५ सैयाको संक्रान्तिबजार स्वास्थ्य केन्द्र निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयार गरे बापत परामर्शदाता इन्भाईरोमेन्ट एण्ड इन्जिनियरिङ रिसर्च सेन्टर प्रा.लि. लाई सम्झौता अनुसार रु. १४११०३१/- भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन् ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९.१ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको काबु बाहिरको परिस्थिति बाहेकको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको प्रति दिन 0.05 प्रतिशतले हिसाव गरी अधिकतम १० प्रतिशतसम्म पूर्व निर्धारित क्षतिपुर्ति दिनुपर्ने व्यवस्था छ । पालिकाले इन्भाईरोमेन्ट एण्ड इन्जिनियरिङ रिसर्च सेन्टर प्रा.लि. सँग १५ सैयाको संक्रान्तिबजार स्वास्थ्य केन्द्रको डि.पि.आर. गर्न २०७७।९।१३ मा गरेको सम्झौता अनुसार २०७७।११।२३ सम्म सो डि.पि.आर. को अन्तिम प्रतिवेदन पेश गर्नुपर्नेमा मनासिव कारण समेत नदेखाई ढिलाई गरी २०७८।३।२२ मा पेश गरेकोले नियमावलीको व्यवस्था अनुसार सम्झौता अङ्क रु.१४११०३१/- को दैनिक ०.०५ प्रतिशतका दरले ढिलाइ अवधी १२१ दिनको पूर्व निर्धारित क्षतिपूर्ति बापतको रकम रु. ८५३६७/- प्रा.लि. बाट असुल गर्नुपर्ने रु..... | ८५,३६७ |
| १९.२ | | | मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मुल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तीले कारोवार गर्दा रित पूर्वकको कर विजक जारी गर्नुपर्दछ । इन्भाईरोमेन्ट एण्ड इन्जिनियरिङ रिसर्च सेन्टर प्रा.लि. ले उक्त डि.पि.आर. तयार गरेबापत रु. १४११०३१/- भुक्तानी लिएकोमा उक्त कारोवारमा जारी भएको विजक नं. ३२-०७८।३।२२ हातले लेखी रित पूर्वक जारी गरेको देखिएन। यस्तो कर विजक मार्फत भएको कारोवारको मुल्य अभिवृद्धि कर रु. १६२३३१/-आन्तरिक राजश्व कार्यालयमा दाखिला वा समायोजन गरेको सुनिश्चित नहुने हुँदा सोको कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.... | १६२,३३१ |
| २० | | | **स्वास्थ्य केन्द्र भवनको डि.पि.आर.**<br>पालिकाले यस वर्ष १५ सैयाको संक्रान्तिबजार स्वास्थ्य केन्द्र निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयार गरे बापत परामर्शदाता इन्भाईरोमेन्ट एण्ड इन्जिनियरिङ रिसर्च सेन्टर प्रा.लि. लाई सम्झौता अनुसार रु. १४११०३१/- भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन् ।<br>:<br>परामर्सदाताबाट प्रारम्भिक प्रतिवेदन पेश भई त्यसमा भएको त्रुटि सच्याई पुन अन्तिम प्रतिवेदन पेश भएपछि उद्देश्य अनुसार भएको एकिन गरेर मात्र सम्झौता अनुसारको रकम भुक्तानी गर्नुपर्नेमा प्रारम्भिक प्रतिवेदन पेश नगरी सोझै अन्तिम प्रतिवेदन प्राप्त गरी रकम भुक्तानी भएको छ । अतः अध्ययन नगरी प्राप्त प्रतिवेदनमा कुनै त्रुटि भएमा त्यसबाट कार्यान्वयन चरणमा हुनसक्ने हानीको जिम्मेवारी कसले लिने स्पष्ट हुन सक्दैन । तसर्थ पालिकाले प्रारम्भिक प्रतिवेदन प्राप्त गरी त्यसमा कुनै त्रुटी भए सच्याएर मात्र अन्तिम प्रतिवेदन प्राप्त गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **स्थानीय दररेट**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष स्थानीय न्यूनतम दररेट निर्धारण गरेको पाइएन । निर्धारित समयभित्रै न्युनतम दररेट निर्धारण गरी लागत घटाउनेतर्फ पालिकाको ध्यान जानु आवश्यक छ । | |
| २२ | | | **हेभी इक्विपमेण्टको प्रयोग** —<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेकोमा नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन। | |

| **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** | **प्रयोग गरेको हेभी उपकरण** | **हेभी उपकरणमा भएको खर्च** |
|---|---|---|---|---|
| सक्रान्ति बजार हवाकु सडक उपभोक्ता समिति | सडक निर्माण | 1647375 | स्क्याभेटर | 2077782 |
| खाना क्यापुङ हुँदै बेसी कोयाखाला आर्यघाट मोटर बाटो निर्माण उ.स. | ,, | 1449495 | स्क्याभेटर | 1820010 |
| चुहान डाँडा रमिते ढलेको वर हुँदै भिरगाउँ सडक निर्माण | ,, | 2406840 | स्क्याभेटर | 2382467 |
| नेवार डाँडा देखि दोभानसम्म मोटर बाटो निर्माण उपभोक्ता समिति | ,, | 966585 | स्क्याभेटर | 1225849 |
| स्वास्थ्य भवन घडेरी निर्माण उपभोक्ता समिति | घडेरी सम्याउने | 630500 | स्क्याभेटर | 795004 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| मध्य पहाडी खानी गाउँ मोटर बाटो निर्माण उ.स. | सडक निर्माण | 388000 | स्क्याभेटर | 494510 |
| साविक सक्रान्ति बजार खानीडाँडा मोटर बाटो निर्माण उपभोक्ता समिति | ,, | 485000 | स्क्याभेटर | 615291 |
| फुङसिङ आ.वि.खेल मैदान निर्माण समिति | खेल मैदान | 484010 | स्क्याभेटर | 614996 |
| गुम्बा डाँडा खेल मैदान निर्माण | ,, | 485000 | स्क्याभेटर | 628382 |

२३

**जटिलसंरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवननिर्माण समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फ**m**त् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| **गो.भौ.नं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| 66-2077/12/28 | वडा नं.2 भवन निर्माण उ.स. | भवन निर्माण | 4034050 |
| 4-2077/7/15 | भगवती मावि थोक्लुङ भवन निर्माण उ.स. | भवन निर्माण | 1164000 |
| 168-20778/3/25 | कालिका आ.वि.भवन निर्माण उ.स. | भवन निर्माण | 1026356 |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

२४ — बेरुजु रकम: २,९८६,४५७

**नन्फाइलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कारोवारको भुक्तानीमा प्राप्त गरेको मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट देहायको फर्मलाई भुक्तानी

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दिएको मू.अ.कर रु.2593339।- को सम्बन्धमा प्यान नं. सर्च गर्दा सम्बन्धित आ.रा.का.मा मुल्य अभिवृद्धि कर दाखिला नगरी २०७७ माघ देखि लेखापरीक्षण अवधिसम्म पनि करदाता कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । | |

| **गोभौनं./मिति** | **भुक्तानी पाउनेको नाम** | **प्यान नं.** | **भुक्तानी रकम** | **मु.अ.कर रकम** | **नन्फाइलर रहेको मिति** |
|---|---|---|---|---|---|
| 24-2077/11/5 | ह्यात्रुङ झरना कन्स्ट्रक्सन | 604350570 | 245002 | 28186 | 2077 माघ देखि |
| 28-2077/11/9 | ,, | ,, | 488376 | 56184 | ,, |
| 37-2077/11/23 | ,, | ,, | 382276 | 43978 | ,, |
| 38-2077/11/23 | ,, | ,, | 172940 | 19895 | ,, |
| 42-2077/12/1 | ,, | ,, | 308923 | 35539 | ,, |
| 43-2077/12/2 | ,, | ,, | 491510 | 56545 | ,, |
| 53-2077/12/23 | ,, | ,, | 306157 | 35221 | ,, |
| 54-2077/12/23 | ,, | ,, | 126573 | 14561 | ,, |
| 55-2077/12/24 | ,, | ,, | 533655 | 61393 | ,, |
| 58-2077/12/24 | ,, | ,, | 489418 | 56304 | ,, |
| 59-2077/12/24 | ,, | ,, | 291959 | 33588 | ,, |
| 63-2077/11/26 | ,, | ,, | 615291 | 70785 | ,, |
| 69-2078/1/29 | ,, | ,, | 104975 | 12076 | ,, |
| 76-2078/1/20 | ,, | ,, | 179222 | 20618 | ,, |
| 85-2078/1/27 | ,, | ,, | 612162 | 70425 | ,, |
| 88-2078/3/3 | ,, | ,, | 365076 | 41999 | ,, |
| 91-2078/3/9 | ,, | ,, | 495773 | 57035 | ,, |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 93-2078/3/9 | ,, | ,, | 183137 | 21068 | ,, | |
| | | | | 95-2078/3/9 | ,, | ,, | 374479 | 43081 | ,, | |
| | | | | 96-2078/3/9 | ,, | ,, | 795004 | 91460 | ,, | |
| | | | | 98-2078/3/9 | ,, | ,, | 812651 | 93490 | ,, | |
| | | | | 99-2078/3/9 | ,, | ,, | 101355 | 11660 | ,, | |
| | | | | 100-2078/3/10 | ,, | ,, | 1820010 | 209381 | ,, | |
| | | | | 102-2078/3/10 | ,, | ,, | 754807 | 86836 | ,, | |
| | | | | 103-2078/3/17 | ,, | ,, | 245271 | 28217 | ,, | |
| | | | | 105-2078/3/17 | ,, | ,, | 488172 | 56161 | ,, | |
| | | | | 108-2078/3/17 | ,, | ,, | 751431 | 86447 | ,, | |
| | | | | 109-2078/3/17 | ,, | ,, | 1225849 | 141026 | ,, | |
| | | | | 110-2078/3/17 | ,, | ,, | 181688 | 20902 | ,, | |
| | | | | 114-2078/3/18 | ,, | ,, | 12340 | 1419 | ,, | |
| | | | | 115-2078/3/18 | ,, | ,, | 248430 | 28580 | ,, | |
| | | | | 117-2078/3/18 | ,, | ,, | 50666 | 5828 | ,, | |
| | | | | 118-2078/3/18 | ,, | ,, | 2077782 | 239036 | ,, | |
| | | | | 121-2078/3/18 | ,, | ,, | 255413 | 29383 | ,, | |
| | | | | 128-2078/3/20 | ,, | ,, | 247061 | 28422 | ,, | |
| | | | | 130-2078/3/21 | ,, | ,, | 63482 | 7303 | ,, | |
| | | | | 131-2078/3/21 | ,, | ,, | 369166 | 42470 | ,, | |
| | | | | 134-2078/3/21 | ,, | ,, | 250861 | 28860 | ,, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 144-2078/3/23 | ,, | ,, | 273588 | 31474 | ,, | | |
| | | | | 148-2078/3/23 | ,, | ,, | 246984 | 28414 | ,, | | |
| | | | | 151-2078/3/23 | ,, | ,, | 614996 | 70751 | ,, | | |
| | | | | 158-2078/3/24 | ,, | ,, | 368742 | 42421 | ,, | | |
| | | | | 160-2078/3/24 | ,, | ,, | 181891 | 20925 | ,, | | |
| | | | | 162-2078/3/24 | ,, | ,, | 114625 | 13186 | ,, | | |
| | | | | 173-2078/3/28 | ,, | ,, | 350259 | 40295 | ,, | | |
| | | | | 177-2078/3/28 | ,, | ,, | 36499 | 4199 | ,, | | |
| | | | | 180-2078/3/29 | ,, | ,, | 628382 | 72291 | ,, | | |
| | | | | 182-2078/3/29 | ,, | ,, | 876646 | 100853 | ,, | | |
| | | | | 184-2078/3/29 | ,, | ,, | 197053 | 22669 | ,, | | |
| | | | | 191-2078/3/29 | ,, | ,, | 629339 | 72401 | ,, | | |
| | | | | 3-2078/3/24 | ,, | ,, | 1424364 | 163864 | ,, | | |
| | | | | 5-2078/3/24 | ,, | ,, | 89216 | 10263 | ,, | | |
| | | | | 7-2078/3/24 | ,, | ,, | 2382467 | 274089 | ,, | | |
| | | | | **जम्मा** | | | **25933394** | **2986457** | | | |
| | | | कानूनी व्यवस्थाअनुसार करदाताले कर विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **सामान खरिद र वितरण**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथिको खरिद बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । पालिकाले सामुदायिक विद्यालयहरुलाई कम्प्युटर खरिद र वितरण गर्न रु.2200000/- बजेट विनियोजन गरेकोमा कम्प्युटर खरिद गर्न रु.76000/- का दरले २६ विद्यालयलाई रु.१९७६०००।- र प्रिन्टर खरिद गर्न रु.28000/- का दरले ८ विद्यालयलाई रु.२२४०००।– गरी रु.२२०००००।- सोझै विद्यालयको खातामा रकम निकासा गरेको पाइयो। पालिकाले विद्यालयलाई रकम निकासा दिंदा त्यसवाट सामान खरिदमा एकरुपता नहुने एवं स्पेशिफिकेशन बमोजिमको सामान समेत उपलब्ध नहुने हुँदा विनियोजित वजेटवाट पालिकाले नै प्रतिस्पर्धाको माध्यमवाट सामान खरिद गरी वितरण हुनुपर्नेमा सो भए गरेको नदेखिएकोले कार्यालयलाई आर्थिक भार पर्न गएको हुँदा नियमसम्मत नदेखिएको रु... | २,२००,००० |
| २६ | | | **खर्चको पुष्ट्याई**<br>कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ । वडा नं.७ कार्यालयले 16 एम एम का ६०० मीटर र 20 एम एमका 1800 मीटर खानेपानी पाइप रु.85122/- मा खरिद गरेकोमा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न नगरी खर्च लेखेको देखियो । तसर्थ सो सामानको उपयोगिता खुल्ने कार्यसम्पन्न प्रतिवेदन र नापी किताव पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु... | ८५,१२२ |
| २७ | | | **बढि भुक्तानी**<br>64-२०७7/2/32 आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०77 को नियम ३६(८) बमोजिम कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले सगुने चित्रे खाम्लालुङ झाक्रि गुफा सडक निर्माण गर्न उपभोक्ता समितिसंग रु.324260/- मा सम्झौता गरी कार्य गराउँदा रु.326366/- को कार्यसम्पन्न गरेको अवस्थामा उपभोक्ता समितिलाई रु.297700/- भुक्तानी गरेको पाइयो । कार्यालयले उक्त कार्यको लागि रु.300000/- बजेट विनियोजन गरेको र सोवाट कन्टिन्जेन्सी बापत ३ प्रतिशतले हुने रु.9000/- कट्टा गरी भुक्तानी दिनु पर्नेमा रु.3000/- मात्र कट्टा गरी भुक्तानी दिएको पाइएकोले बढी भुक्तानी भएको रु.6000/- असुल हुनुपर्ने रु... | ६,००० |
| २८ | | | **कामको परिमाण**<br>भौ.नं.175-2078/3/28 आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०77 को नियम ३६(८) मा बमोजिम कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकावाट चुहानडाँडा २ खानेपानी मर्मत तथा विस्तार कार्यक्रमको लागि रु.3200000/- बजेट विनियो भएको योजना उपभोक्ता समिति | ६७०,६१२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मार्फत संचालन गर्दा श्रमदान समेत रु.3401911/- को कार्यसम्पन्न तथा नापी किताव पेश भएको छ । उक्त कार्यको नापी किताब परीक्षण गर्दा देहाय बमोजिम वास्तविक भएको काम भन्दा बढी पालिकाकको काम नापी किताबमा चढाई रु.670612/- बढी भुक्तानी भएको पाइएकोले उक्त बढी भुक्तानी रकम असुल हुनुपर्ने रु...<br>

| **सि.नं.** | **कामको विवरण** | **नापी किताबमा चढाएको परिमाण** | **हिसाब गर्दा देखिएको परिमाण** | **फरक परिमाण** | **दर** | **बढी भुक्तानी रकम** |
|---|---|---|---|---|---|---|
| 1 | रिजर्भवायरको लागि माटो खन्ने काम | 273.24 | 175.9 | 97.34 | 812.5 | 79089 |
| 2 | रिजर्भवायर र ट्यांकको लागि सोलिङ | 16.36 | 7.11 | 9.25 | 6229.47 | 57622 |
| 3 | ढुंगाको गाह्रो | 2.72 | 1.47 | 1.25 | 9428.89 | 11786 |
| 4 | भल्भ चेम्बरमा पिसिसि काम | 38.81 | 22.38 | 16.43 | 22681.88 | 372663 |
| 5 | भल्भ चेम्बरको आरसिसि काम | 5 | 3.12 | 1.88 | 17227.25 | 32387 |
| 6 | रिजर्भवायरको लागि सटरिङ काम | 239.98 | 142.35 | 97.63 | 410.23 | 40050 |
| 7 | रिजर्भवायरको प्लाष्टर कार्य 1:3 | 139.07 | 76.14 | 62.93 | 557.74 | 35099 |
| 8 | रिजर्भवायरको प्लाष्टर कार्य 1:४ | 229.11 | 148.18 | 80.93 | 367.01 | 29702 |
| 9 | ट्यांकीमा रंगरोगन | 108.80 | 65.27 | 43.53 | 280.58 | 12214 |
| | **जम्मा** | | | | | **670612** |
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **साझेदारी**<br>साझेदारीमा कार्यक्रम संचालन गर्दा तोकिएको लागत साझेदारी बमोजिमको बजेट खर्च गरी योजना तथा कार्यक्रम संचालन हुनुपर्दछ । संक्रान्ति थोक्लुङ सिमराह सडक निर्माण स्तरोन्नती गर्न प्रदेश सरकारको रु.10000000/- र पालिकाको रु.3251554/- गरी रु.13251554/- को साझेदारी बजेटमा ठेक्कापट्टा प्रकृयाबाट छनौट भएको वोलपत्रदाता शुभलक्ष्य निर्माण सेवाको मु.अ.कर र पिएस आइटमको मुल्य समेत रु.4163473.28 को ठेक अङ्क स्वीकृत गरी रु.1480067/- मा सम्पन्न भई रकम भुक्तानी हुँदा साझेदारीको आधारमा प्रदेश सरकारको रु.1117007/- र गाउँपालिकाको रु.363060/- खर्च लेख्नु पर्नेमा पुरै रकम प्रदेश सरकारको बजेटवाट मात्र खर्च लेखेकोले गाउँपालिका संचित कोषवाट प्रदेश संचितकोष दाखिला हुनुपर्ने रु... | ३६३,०६० |
| ३० | | | **विद्यालय छनौट**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा पालिकाले भौतिक निर्माण सुधार कार्यक्रम सञ्चालन गर्न स्थानीय तहस्थित सम्पुर्ण विद्यालयहरुको अनुसूची ५ मा उल्लेखित मापदण्डका आधारमा भौतिक सर्वेक्षण गरी आवश्यक्ताको आधारमा प्राथमिकताक्रम निर्धारण गरी सुचकाङ्क सहितको विवरण तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सोही व्यवस्था बमोजिम प्राथमिकताक्रमका आधारमा विद्यालय छनौट गरेको पाइएन। | |
| ३१ | | | **कार्य सम्पन्न प्रतिवेदन**<br>कार्यक्रम कार्यन्वयन पुस्तिकाको अनुसूची-७ मा विद्यालयहरुले भवन निर्माण, नयाँकक्षा कोठा निर्माण, भवन मर्मत, शौचालय निर्माण लगायतका भौतिक निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन तोकिए बमोजिमको ढाँचामा सम्बन्धित प्राविधिकवाट तयार गर्न लगाई स्थानीय तहका शिक्षा अधिकृत/प्रशासकीय प्रमुख, प्राविधिक कर्मचारी, सम्बन्धित विद्यालयका प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षवाट समेत प्रमाणित गराई विद्यालय र स्थानीय तहमा एक/एक प्रति राख्ने व्यवस्था मिलाउनु पर्नेछ भन्ने उल्लेख छ । कार्यालयले राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम अन्तर्गत भवन तथा ट्रस निर्माण कार्यको लागि श्री महेन्द्र मा.वि.लाई रु. १८०००००/- र श्री कृष्ण मा.वि. लाई रु. १८०००००/- गरी रु. ३६०००००/- रकम निकासा दिएकोमा बर्षान्तसम्ममा पनि कार्यसम्पन्न नभएकोले कार्यसम्पन्न गरी सोको प्रतिवेदन पेश हुनुपर्ने रु... | ३,६००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **विद्यालयगत निकासा रजिष्ट्रर**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नुपर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनुपर्ने र दिएको निकासा रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले पालिकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नुपर्दछ । | |
| ३३ | | | **छात्रवृति तथा पाठ्यपुस्तक वितरण**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार छात्रवृत्ति तथा पाठ्यपुस्तक दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्थाका लागि कार्यालयले अनुगमन गर्नुपर्दछ । कार्यालयले विद्यालयहरुलाई यस आ.व.मा छात्रवृत्ति बापत रु.८८७८००/-, निशुल्क पाठ्यपुस्तक बापत रु. २६५५४१७/- र दिवा खाजा बापत रु. ४०५१३५०/- गरी ५९ विद्यालयहरुलाई रु. ७५९४५६७/- निकासा दिएको छ । तर उक्त निकासा रकम तोकिएको प्रकृया अनुसार वितरण भए नभएको तथा दोहोरो परे नपरेको सम्बन्धमा कार्यालयले अनुगमन गरेको छैन । जसबाट सो रकमको सही उपयोग सम्बन्धमा सुनिश्चित हुने आधार देखिएन । तसर्थ कार्यालयबाट निकासा हुने रकम दोहोरो नहुने तथा तोकिए बमोजिम वितरण गर्ने व्यवस्थाका लागि निरन्तर अनुगमन मूल्याङ्कन हुनुपर्दछ । | |
| ३४ | | | **सामाजिक परीक्षण र वित्तीय लेखापरीक्षण**<br>विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ बमोजिम यस गाउँपालिका अन्तर्गतका ९ माध्यमिक विद्यालय र ५० आधारभुत विद्यालयलाई क्रमशः १५ हजार र १० हजारका दरले सार्वजनिक परीक्षण तथा लेखापरीक्षण बापत रु. ६३५०००/- लेखापरीक्षण अनुदान दिएकोमा सामुदायिक विद्यालयले लेखापरीक्षण जवाफदेहिता सुनिश्चितताकासाथ दोस्रो चौमासिक निकासा दिँदासम्म सामाजिक परीक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्नेमा लेखापरीक्षण अवधिसम्म आर्थिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन । नियममा व्यवस्था भए बमोजिमको कार्य गराउनेतर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **तलब भत्ता निकासा**<br>विद्यालयमा कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी यकिन विवरण शिक्षा विकास तथा समन्वय इकाइवाट प्राप्त गरी वा अध्यावधिक गरी सोही अनुसार दरबन्दीमा, शिक्षक अनुदान कोटा (राहत) मा र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुको लागि विद्यालयवाट प्राप्त माग फारम रुजु गरी अनुदान दिनुपर्दछ । जनकल्याण आधारभुत विद्यालय, छातेढुंगाका निम्न माध्यामिक शिक्षक प्रकाश कुमार गडेरीको २०७८।२।२५ मा सिरहा सरुवा भएकोमा पालिकाले तेस्रो चौमासिक तलब भत्ता निकासा गर्दा निजलाई पुरै अवधि (4 महिना) को तलब भत्ता निकासा दिएकोले जेठ महिना ६ दिन र असार महिनाको बढी निकासा भएको तलब भत्ता रु.३६९४९।- असुल गरी दाखिला हुनुपर्ने रु... | ३६,९४९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **चाडपर्व खर्च**<br>नेपाल सरकार, मन्त्री परिषद्को २०७४।१।२१ को निर्णयानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका शिक्षक तथा कर्मचारीहरुलाई कम्तिमा ६ महिना करार सेवा गरेमा सालवसाली रुपमा १ महिनाको आधारभुत पारिश्रमिक वरावरको चाडपर्व खर्च उपलब्ध गराउने उल्लेख छ । निम्न कर्मचारीहरुको करार अवधि ६ महिना नपुग्दै २०७७ को चाडपर्व खर्च भुक्तानी भएकोले दिन नमिल्ने उक्त रकम असुल हुनुपर्ने रु... | २१२,५४० |

| **विद्यालयको नाम** | **शिक्षकको नाम** | **चाडपर्व खर्च बापतको रकम** |
|---|---|---|
| पोखरी मा.वि., छातेढुङ्गा | छविरमण चापागाई | ३५९९० |
| पोखरी मा.वि., छातेढुङ्गा | ध्रुव न्यौपाने | ३५९९० |
| शारदा मा.वि., चुहानडाडाँ | सोमनाथ चम्लागाई | ४०३८० |
| शारदा मा.वि., चुहानडाडाँ | सुभाष कन्दङवा | १६७०० |
| शारदा मा.वि., चुहानडाडाँ | दिपा कन्दङवा | ११५०० |
| शारदा मा.वि., चुहानडाडाँ | अरविन्द आनन्द | ३५९९० |
| शारदा मा.वि., चुहानडाडाँ | डिल्लीराम लुईटेल | ३५९९० |
| **जम्मा** | | **२१२५४०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **छात्रवृत्ति**<br>गैर आवासीय छात्रवृत्तिको लागि आइ. ई. एम. आइ. एस. मा प्रविष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई शिक्षा अधिकृतवाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई छात्रावृत्ति रकम निकासा दिनुपर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिकाले उल्लेख गरेको छ । आइ. ई. एम. आइ. एस. तथ्यांकको आधारमा पालिका अन्तर्गतका विभिन्न ५९ विद्यालयहरुलाई १७५४ छात्राहरु र २८० दलित छात्रहरुलाई रु. ४००/- का दरले रु. ८१३६००/- र ७२ जना सिमान्तकृत विद्यार्थीहरुलाई रु. ५००/- का दरले रु. ३६०००/- समेत रु. ८४९६००/- निकासा हुनुपर्नेमा कार्यालयवाट उक्त विद्यालयहरुलाई रु. ८८७८००/÷ निकासा दिएको छ ।बढी निकासा भएको रु. ३८२००/÷ को सम्बन्धमा कार्यालयले प्रमाण पेश गर्नुपर्ने वा सम्बन्धित विद्यालयहरुबाट असुल गरी दाखिला हुनुपर्ने रु. | ३८,२०० |
| ३८ | | | **थप पाठ्यपुस्तक अनुदान**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ मा निशुल्क पाठ्यपुस्तक बापतको रकम अनुदान दिँदा आइ.ई.एम.आइ.एस.को आधारमा विद्यार्थी संख्या यकिन गरी प्रथम पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र वैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप अनुदान दिन सक्ने व्यवस्था रहेको छ । नगरपालिकाले अन्तर्गतका विद्यालयहरुलाई नपुग भएको भनी थप पाठ्यपुस्तकको लागि रु. ७८५६६४/÷ प्रमाण बेगर अनुदान रकम निकासा दिएको पाइयो । साथै २०७७।१।१६ देखि कोभिड-१९ ले मुलुकभर लकडाउन भएको कारण विद्यालयहरुको शैक्षिकसत्र २०७८ शुरु हुन नसकेको, विद्यार्थी भर्ना नभएको, आइ.ई.एम.आइ.एस. मा तथ्याङ्क प्रविष्ट नभएको अवस्थामा समेत विद्यालयहरुलाई थप निशुल्क पाठ्यपुस्तक रकम अनुदान दिएकोले सो खर्चको पुष्टयाई प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु... | ७८५,६६४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **सिकाइ सहजिकरणका लागि शैक्षिक कार्यक्रम**<br>भौ.नं. ४३-०७७।१२।५ कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रम अनुसार पालिकाले अन्तर्गतका आधारभुत तहका सबै विद्यालयका लागि सुचना तथा संचार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्न प्रति विद्यालय एकमुष्ट रु. १२ हजारका दरले ५० विद्यालयहरुलाई रु. ६०००००/- र विद्यालयक ो स्वास्थ्य सुरक्षा सामाग्री व्यवस्थापन गर्न सामुदायिक विद्यालयमा अध्ययनरत पुर्व प्राथमिक कक्षा देखि कक्षा १२ सम्मका विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थीहरुलाई रु. २००/- का दरले रु. १११२४००/- समेत गरी रु. १७१२४००/- भुक्तानी गरेको छ । पालिकाले निकासा दिएको उक्त अनुदान रकमबाट सुचना तथा सञ्चारमा आधारित शिक्षण सिकाई व्यवस्थापनको लागि इन्टरनेट जडान, जडित इन्टरनेटको शुल्क भुक्तानी र स्वास्थ्य सुरक्षाका मापदण्ड विकास गर्न खर्च गरी सोको विल भरपाई र विवरण पेश गर्नुपर्ने तथा पालिकाले सम्पादित कार्यहरुको नियमित अनुगमन तथा सुपरिवेक्षण गरी कार्य प्रगति तयार गर्नुपर्नेमा सो भए गरेको पाइएन । निकासा भएको अनुदान रकम सम्बन्धित क्षेत्रमा उपयोग भएको सुनिश्चित नभएकोले सो को विल भरपाई तथा अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु..... | १,७१२,४०० |
| ४० | | | **महिनावारी व्यवस्थापन सामग्री**<br>भौ.नं. ५३-०७७।१२।२५ विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई आवश्यक सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी प्राप्त सामान विद्यालयले जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नु पर्ने व्यवस्था कार्यविधिमा उल्लेख छ । गाउँपालिकाले यस आर्थिक वर्षमा १७२८५ प्याकेट सेनिटरी प्याड खरिद गरी रु. १११३३२८।- खर्च गरेको छ । पालिकाले खरिद गरेको सेनिटरी प्याड मध्ये ४२६४ थान विद्यालयहरुलाई वितरण गरी बाँकी १३०२१ थान सेनिटरी प्याड पालिकामा नै मौज्दात रहेको पाइयो । पालिकाले विद्यालयलाई उक्त सेनिटरी प्याड हस्तान्तरण गरी विद्यालयले छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत पेश गर्नुपर्दछ। कोभिड-१९ को कारणले विद्यालय बन्द भएको अवस्थामा ती सामान खरिद गर्नुपर्ने अवस्था नदेखिएको तथा लामो अवधिसम्म मौज्दात राख्दा सामानको गुणस्तरमा ह्रास हुने अवस्था रहेको समेत देखिएको छ। वास्तविक आवश्यकताको आधारमा सामान खरिद नहुँदा खर्चमा मितव्ययिता राखेको पाइएन । तसर्थ खरिद भएको सेनिटरी प्याड प्रभावकारी रुपमा उपयोग भएको प्रमाण पेश हुनुपर्ने रु.. | १,११३,३२८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **प्राविधिक ग्रेड**<br>शिक्षकलाई प्राविधिक ग्रेड प्रदान गर्दा २०५७ साल आषाढ मसान्तसम्म तालिम प्राप्त गरी स्थायी भएका र प्राविधिक स्केल खाइपाइ आएका शिक्षकलाई मात्र विशेष व्यवस्था अनुसार प्राविधिक २ ग्रेड थप गरी दिने र यसरी दिंदा २०७३।४।१ पश्चात पाउने १ दिनको तलब बराबर १ ग्रेडको हिसाबले प्राविधिक २(दुई) ग्रेड बापत हुने रकमवाट भुक्तानी पाइसकेको एकमुष्ट रकम घटाई बाँकी रकम मात्र भुक्तानीदिन सकिने व्यवस्था शिक्षा मन्त्रालयवाट मिति २०७८।१।३० मा जारी परिपत्रमा उल्लेख छ । पालिकाले देहायका शिक्षकहरुलाई २०७३।४।१ देखि प्राविधिक ग्रेड बापत २(दुई) ग्रेड थप गरी १ दिनको तलब बराबरको ग्रेडदरले रु. ३७५९९६।- रकम भुक्तानी दिएको छ । तर ती शिक्षकहरुले यस अधि पुरानो ग्रेड दरले प्राविधिक ग्रेड खाइपाइ आएको हो वा पुरै ग्रेड छुट भएको हो सो को कुनै आधार प्रमाण बेगर १ दिनको तलब बराबर १ ग्रडको दरमा पुरानो ग्रेड दर नघटाई भुक्तानी लिए दिएको देखियो । तसर्थ कार्यालयले पुनः यकिन गरी भुक्तानी भैसकेको घटाउनुपर्ने ग्रेड देखिएमा शिक्षकहरुवाट रकम असुल गरी दाखिला हुनुपर्दछ । | |

| सि०नं० | विद्यालयको नाम | शिक्षकको नाम | भुक्तानी भएको ग्रेड रकम |
|---|---|---|---|
| १ | सरस्वती मा.वि., ह्वाकु | हरिप्रसाद कार्की | १३५४५२ |
| २ | सरस्वती मा.वि., ह्वाकु | प्रभुराम डाँगी | १५८४१६ |
| ३ | सरस्वती मा.वि., ह्वाकु | सर्वकुमार कन्दङवा | ८२१२८ |
| | **जम्मा** | | **३७५९९६** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **लागत साझेदारीमा कृषि प्रवर्द्धन कार्यक्रम**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ । गाउँपालिकाले सिलबन्दी बोलपत्रको माध्यमबाट यस वर्ष विभिन्न कार्यक्रममा विनियोजन भएको औषधी खरिद सम्बन्धी बजेट एकिकृत गरी रु. २९२६६७८।५८ को औषधि खरिद गरेको छ । औषधि डव्लु.एच.ओ. वाट सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति (कम्तिमा १८ महिना) उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्नुपर्ने र नि: शुल्क वितरण हुने भनी खुलाउनु पर्नेमा सो समेत भए गरेको देखिएन । तसर्थ तोकिएको विधि र प्रकृया अनुसार औषधी खरिद गरी व्यवस्थापन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **शैक्षिक तथ्यांक**<br>गाउँपालिकाले शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम खर्च गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आ.ब.२०७७/७८ मा भएको व्यवस्था बमोजिम गर्नुपर्दछ । कार्यालयले कृयाकलाप नं १.१.४.१ प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान वापत चौमासिक रुपमा तलव भत्ता रकम सम्बन्धित विद्यालयमा निकासा गरी खर्च लेखेको छ । विद्यालयलाई तलव भत्ता लगायतका अनुदान उपलव्ध गराउँदा सम्बन्धित संस्थाले शैक्षिक तथ्यांक (EMIS), २०७७ भरी प्रमाणित भएको यकिन गरेर मात्र उपलव्ध गराउनु पर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिका आ.ब.२०७७/७८ ले गरेको छ। विद्यालयले भरेको शैक्षिक तथ्यांक यथार्थपरक भए नभएको सम्बन्धमा गाउँपालिकाले निरीक्षण गर्ने एवं प्रमाणित गर्ने गरेको नदेखिएकोले उक्त तथ्यांकको आधारमा गाउँपालिकाले उपलव्ध गराएको अनुदान रकम सही हो भनी यकिन गर्न सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **लागत साझेदारीमा पशु पंक्षी प्रवर्द्धन कार्यक्रम**<br>पशु प्रवर्द्धन कार्यक्रम अन्तर्गत पालिका र कृषकहरुको ५०।५० प्रतिशत लागत साझेदारीमा बंगुर प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न पालिकाले यस वर्ष देहाय अनुसार ३ कृषक समुहलाई बंगुर खोर निर्माण एवं पाठी खरिदको लागि रु. ९७७३८०/– भुक्तानी गरेको छ। | |

| भौ. नं. र मिति | कृषक समुहको नाम | कार्यक्रम सञ्चालन | भुक्तानी रकम |
|---|---|---|---|
| १२७-०७८।३।२३ | फुङसिङ बहुउद्देश्यीय कृषक समुह | बंगुर पकेट क्षेत्र सञ्चालन | ३१७३८० |
| १५३-०७८।३।२५ | थाक्लुङ कृषक सहकारी संस्था लिमिटेड | बंगुर पकेट क्षेत्र सञ्चालन | ३३०००० |
| १७१-०७८।३।२८ | श्री ओडारी नागी बहुउद्देश्यीय कृषक समुह | बंगुर पकेट क्षेत्र सञ्चालन | ३३०००० |
| **जम्मा** | | | **९७७३८०** |

यस सम्बन्धी देखिएका थप व्यहोराहरु निम्नानुसार उल्लेख छन् ।

· कार्यविधिमा तोकिएको निश्चित आधारवाट वास्तविक लाभग्राही कृषकहरुको छनौट गर्न वडागत सिफारिस चाहिनेमा वडाको सिफारिस बेगर कृषक छनौट भएकोले वास्तविक कृषक छनौट भएको भन्न सकिने स्थिति रहेन ।

· खरिद भएको पशु उन्नत जातको हुनुपर्नेमा सो अनुसार भएको पाइएन।

· खरिद भएको बंगुरको अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराई वीमा समेत गर्नुपर्नेमा सो गरेको प्रमाण नदेखिएकोले पशुहरुको स्वास्थ्य जोखिममा रहेको देखियो ।

· अनुदान मार्फत खरिद भएका पशुहरुको ट्यागिङ गरी पारदर्शी तवरवाट अभिलेख राख्नु पर्नेमा सो गरेको देखिएन ।

तसर्थ कार्यविधिमा तोकिए बमोजिमको प्रकृयावाट कृषक छनौट गरी पशुहरुको स्वास्थ्य परीक्षण, वीमा तथा ट्यागिङ्ग कार्यक्रम संचालन गर्न पालिकाले ध्यान पुर्‍याउनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४५ | | | **लागत साझेदारीमा कृषि प्रवर्द्धन कार्यक्रम**<br>कृषि प्रवर्द्धन कार्यक्रम अन्तर्गत पालिका र कृषकहरुको क्रमशः ७५ र २५ प्रतिशत लागत साझेदारीमा तरकारी पकेट क्षेत्र कार्यक्रम, फलफुल पकेट क्षेत्र कार्यक्रम, नया नर्सरी निर्माण तथा सञ्चालन गर्न पालिकाले यस वर्ष देहाय अनुसार ५ कृषक समुहलाई बोट विरुवा खरिद, सिचाई सामग्री तथा मिनि टिलर खरिद लगायतका कामका लागि रु. २५८०४७५/– भुक्तानी गरेको छ । | |

| भौ. नं. र मिति | कृषक समुहको नाम | कार्यक्रम सञ्चालन | भुक्तानी रकम |
| --- | --- | --- | --- |
| १८-०७८।३।२९ | पञ्चकन्या बहुउद्देश्यीय कृषक समुह वडा नं.-५ | तरकारी पकेट क्षेत्र | ६८८९७५ |
| १९-०७८।३।२९ | तरकारी पकेट सञ्चालक समिति वडा नं.-४ | तरकारी पकेट क्षेत्र | ६९७५०० |
| २४-०७८।३।३० | मनोरमा एग्रो प्रा.लि. | फलफुल पकेट क्षेत्र | ३००००० |
| २७-०७८।३।३० | मानी संघ लमू आमा समुह, वडा नं.-३ | तरकारी पकेट क्षेत्र | ७००००० |
| १७२-०७८।३।२८ | टाइसन फलफुल नर्सरी फर्म | नर्सरी स्थापना | १९४००० |
| **जम्मा** | | | **२५८०४७५** |

यस सम्बन्धी देखिएका थप व्यहोराहरु निम्नानुसार उल्लेख छन् ।

· कार्यविधिमा तोकिएको निश्चित आधारवाट वास्तविक लाभग्राही कृषकहरुको छनौट गर्न वडागत सिफारिस चाहिनेमा वडाको सिफारिस बेगर कृषक छनौट भएकोले वास्तविक कृषक छनौट भएको भन्न सकिने स्थिति रहेन ।

· पालिकाको सहभागीतामा सञ्चालित कार्यक्रम मार्फत कृषकहरुलाई पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरेपश्चात कार्यालयले ती पकेट क्षेत्र सञ्चालन अवस्थाको अनुगमन गरेको देखिएन ।

तसर्थ कार्यविधिमा तोकिए बमोजिमको प्रकृयावाट कृषक छनौट गरी पालिकाले ती पकेटक्षेत्रहरु सञ्चालनको नियमित अनुगमन गर्नतर्फ ध्यान पुर्‍याउनु पर्दछ ।


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका वडाहरुमा सडक सोलिङ्ग तथा ट्रायल निर्माण लगायतका १४ वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष २५० जनालाई १०० दिनसम्म रोजगारी उपलव्ध गराई श्रमिक ज्याला बापत रु. १२९२५०००।- खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |
| ४७ | | | **कार्यसम्पन्न प्रतिवेदन**<br>पालिकाले सुरक्षित नागरिक आवास कार्यक्रमको लागि छनौट भएका २२० जना लक्षित वर्गका प्रति परिवारलाई रु० ५००००।- दिने गरी विनियोजन गरेको रकममध्ये प्रथम किस्ता बापत जस्तापाता र काठ लगायतका सामाग्री खरिद गर्न प्रति परिवार रु० 30000।- का दरले रु० ६६०००००।- खर्च लेखेको छ । तोकिए अनुसारको आवास निर्माण कार्य सम्पन्न गरेपछी दोस्रो तथा अन्तिम किस्ताबापतको रकम भुक्तानी हुनेमा आर्थिक बर्षको अन्त्य सम्म पनि उक्त कार्यसम्पन्न नभएकोले कार्य सम्पन्न गरी प्रतिवेदन पेश हुनुपर्ने रु००० | ६,६००,००० |
| ४८ | | | **प्रविधि हस्तान्तरण**<br>लघु उद्यमीलाई बार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम प्रविधि हस्तान्तरण गरिने र प्रविधि हस्तान्तरण गर्दा उद्यमको प्रकृति हेरी व्यावसायिक योजना अनुसार कार्यक्रम र बजेटको परीधिभित्र रही लघु उद्यमी, लघु उद्यमी समुह वा उद्यमीले प्रवर्द्धन गरेका सहकारीलाई उपयुक्त प्रविधि हस्तान्तरण गर्न सकिने व्यवस्था गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ मा रहेको छ । यसरी हस्तान्तरण भएका प्रविधिहरुको कुल अंकको कम्तीमा वीस प्रतिशत रकम उद्यमीलाई जम्मा गर्न लगाउनुपर्नेमा कार्यालयवाट रु. ३०२७७५/- मा खरिद भएको प्रविधि हस्तान्तरण गर्दा वीस प्रतिशतले हुने रु. ६०५५५/- स्थानीय राजस्व खातामा दाखिला भएको देखियो। तसर्थ उक्त रकम संघीय राजस्वमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु... | ६०,५५५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **युवा उद्यम ऋण**<br>युवाहरुमा श्रम प्रति सकारात्मक सोचको विकास गर्ने, उद्यमशीलता मार्फत सामाजिक रुपान्तरणको अभियानमा युवा क्लबलाई नेतृत्वदायी भूमिका प्रदान गर्ने उद्देश्यले एक स्थानीय तह एक वडा एक युवा क्लब एक उद्यम कार्यक्रम सञ्चालन भएको छ । कार्यक्रम सञ्चालन कार्यविधि,२०७६ अनुसार उक्त कार्यक्रम सञ्चालन गर्न एक स्थानीय तह एक वडा एक युवा क्लब एक उद्यम कार्यक्रम अन्तरगत गठन भएका युवा उद्यमी समुहलाई एक घुम्ती कोष स्थापना गरी प्रस्तावनाको कुल बजेटको २० प्रतिशत रकम उक्त कोषमा अग्रिम जम्मा गर्नुपर्दछ। यसरी रकम जम्मा गरी वडा कार्यालयमा पेश गरेको एक हप्ता भित्र व्यवसायीक प्रस्तावनाको आधारमा उद्यमको प्रकृति हेरी वडा कार्यालयले बढीमा रु. ५ लाख सम्म उद्यम सञ्चालको लागि विना ब्याज ऋण दिन सक्ने व्यवस्था रहेको छ । यसरी प्राप्त ऋण रकमको दोस्रो वर्ष १० प्रतिशत, तेस्रो वर्ष २० प्रतिशत, चौथो वर्ष ३० प्रतिशत र पाचौं वर्ष ४० प्रतिशत रकम कोष खातामा फिर्ता गर्नुपर्दछ । पालिकाले सोही कार्यक्रममा आठराई बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई रु. ५०००००/- ऋण लागानी गरेको छ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन् ।<br>:<br>पालिकाले कार्यक्रमको मर्म अनुसार लक्षित उद्यमी युवा समुह गठन भई उद्यम गर्न सकिने व्यवसायिक क्षेत्र छनौट गरी कार्ययोजना प्रस्तावनाका आधारमा ऋण लगानी गर्नुपर्नेमा एक सहकारी संस्थालाई छनौट गरेको पाइयो । साथै ऋण लगानी गर्नुपुर्व प्रस्तावना बजेटको २० प्रतिशतले हुने रु. १०००००/- घुम्ती कोषमा जम्मा गर्नुपर्नेमा पालिकाले घुम्तीकोष स्थापना गरेको पाइएन । तसर्थ पालिकाले घुम्ती कोष स्थापना गरी कार्यविधिमा व्यवस्था भए बमोजिम रु. १०००००/- उक्त कोषमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु..... | १००,००० |
| ५० | | | **48.2**<br>स्थानीय तहले यसरी युवा समूहद्वारा सञ्चालित उद्यम समुहबाट फिर्ता भएको रकम घुम्ती कोष मार्फत अन्य वडामा पुनः विस्तार गर्दै लैजानुपर्दछ । साथै उक्त कार्यक्रमतर्फको प्रतिफल, उपलब्धी, प्रभावको विश्लेषण समेत अनिवार्यरुपमा गर्नुपर्दछ । तसर्थ यसरी शर्शत अनुदानबाट सञ्चालित युवा उद्यम कार्यक्रमको ऋण फिर्ता, प्रतिफल, उपलब्धी बारे नियमित रुपमा अनुगमन तथा मुल्याङ्कन गरी कार्यक्रमलाई प्रभावकारी बनाउने तर्फ पालिकाले ध्यान पुर्याउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **कोषको आय व्यय स्थिति**<br>विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस रोग नियन्त्रण सम्बन्धीगतिविधि संचालन गर्न खडा गरिएको कोषमा पालिकाले उपलब्ध गराएको विवरण अनुसार रु.५२६१०५१।६० आम्दानी भएकोमध्ये आषाढ मसान्तसम्म देहाय अनुसार रु.२३१६५०६।- खर्च गरी रु०२९४४५४५।६० मौज्दात देखिन्छ। | |

| **खर्च** | **रकम** |
|---|---|
| क्वारेन्टाइन र आइसोलेशन व्यवस्थापन | ४२०३६७ |
| औषधी लगायत स्वास्थ्य सामाग्री खरिद | १७९१२६९ |
| कोभिड सम्बन्धी जनचेतनामूलक सन्देश सम्प्रेषण | २१००० |
| सवारी भाडा | २ ८३८७० |
| **जम्मा** | **२३१६५०६** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५२</td><td></td><td></td><td>

**आम्दानी र बैंक दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ। कार्यालयले राजश्व आम्दानीको लेखा नियमावलीको व्यवस्था अनुसार व्यवस्थित गरी असुली रकम असुल भएको भोलीपल्ट बैक दाखिला समेत गर्नुपर्दछ । पालिका अन्तर्गतको ६ नं. वडा कार्यालयले असुल भएको रकम समयमा नै बैंक दाखिला नगरी देहाय अनुसारको रकम रु.६६८३८।- दाखिला गर्न बाँकी देखियो।

<table>
<tr><th>सि.नं.</th><th>पालिका कार्यालय/ वडा नं.</th><th>आम्दानी रकम</th><th>दाखिला रकम</th><th>दाखिला गर्न बाँकी रकम</th><th>जिम्मेवार कर्मचारी</th><th></th></tr>
<tr><td>१</td><td>वडा नं.६</td><td>२०२०३२।९०</td><td>१३५१९५।०९</td><td>६६८३७।८१</td><td>सुन्दर प्रसाद कन्दङ्वा</td><td></td></tr>
<tr><td colspan="4">जम्मा</td><td>६६८३७।८१</td><td colspan="2"></td></tr>
</table>

तसर्थ सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई बाँकी देखिएको रकम अबिलम्ब बैंक दाखिला गर्नुपर्ने रु...
</td><td>६६,८३८</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>

**सामाजिक सुरक्षा भत्ता वितरण**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी लगत अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी वडा नं ६ को भत्ता वितरणको विवरण नमुना छनौट गरी परीक्षण गर्दा देखिएका थप व्यहोराहरु देहाय अनुसार छन् ।
</td><td></td></tr>
<tr><td>५३.१</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७५को परिच्छेद ४ को बुँदा नं १५ मा एम=आई=एसको अद्यावधिक लगतका आधारमा भत्ता रकम निकासा गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाबाट एम=आई=एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा गाउँपालिकाले एम=आई=एस लगत अद्यावधिक गरेर मात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५३.२</td><td></td><td></td><td>कार्यविधिमा तोकिएको ढाँचामा बैंकले सम्झौता अनुसार लाभग्राहीको भत्ता सम्बन्धितको खातामा दाखिला गरेको चौमासिकगत विवरण</td><td></td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गाउँपालिकालाई नियमित रुपमा उपलब्ध गराउनुपर्दछ । पालिकाले भत्ता वितरण सम्बन्धी बैंकवाट प्राप्त ब्यालेन्स सर्टीफिकेट,**Reverse Feed,** स्टेटमेण्ट भिडान गरी हिसाब समेत फरफारक गर्नुपर्दछ । सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५को अनुसुची ८(१०) बमोजिम बैंकले निष्कृय खाताहरुको विवरण तोकिएको समयमा पालिका तथा पञ्जिकरण विभागमा पठाउनुपर्नेमा सो समेत समयमा पठाएको देखिएन ।<br>विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ को बुँदा नं ६=४=१ अनुसार प्रत्येक वडामा एक मात्र वैंक तथा वित्तीय संस्था मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरी स्थानीय तहले वैंक तथा वित्तीय संस्था छनौट गरी सम्झौता गर्नुपर्दछ । गाउँपालिकाले ६ नं वडाको सामाजिक सुरक्षा भत्ता कृषि विकास बैंकसँग र १, २, ३ ,४ ,५ र ७ नं वडाको नेपाल बङ्गलादेश बैकसँग सम्झौता गरी एक भन्दा बढी वडाको लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता बापतको रकम भुक्तानी गरेको देखियो।<br><br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा नं १६ अनुसार स्थानीय तहले प्रथम चौमासिकको भत्ता रकम असोजको दोश्रो हप्ता भित्र, दोश्रो चौमासिकको भत्ता रकम माघको दोश्रो हप्ता भित्र र तेश्रो चौमासिकको भत्ता रकम जेठको दोश्रो हप्ता भित्र वितरण गरी सक्नुपर्नेमा गाउँपालिकाले प्रथम चौमासिकको भत्ता २०७७ कार्तिक ३ गते, दोश्रो चौमासिकको भत्ता २०७८ वैशाख १० गते र तेश्रो चौमासिकको भत्ता २०७८ असार १२ गते बैंकमा निकासा गरेको देखिन्छ। कार्यविधिमा व्यवस्था भएको समय सिमाभित्र रकम बैंकमा पठाएको देखिएन । कार्यविधिले तोकेको समयावधि भित्र बैंकमा भत्ता रकम निकासा पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ ।<br><br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को बुँदा नं १५(४) मा सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ । तेस्रो चौमासिक सम्मको सामाजिक सुरक्षा भत्ता वितरणको लागि पालिकावाट रु.४७८९८४७९।- नेपाल बङ्गलादेशबैंकमा र रु १०१७८८६९।- कृषि विकास बैंकमा निकासा भएकोमा नेपाल बंङ्गलादेश बैंकको पहिलो र दोस्रो किस्ताको **Reverse Feed**प्राप्त नभएकोलेउक्त बैंकमा निकासा भएको भत्ता रकम के कति वितरण गरियो यकिन हुन सकेन ।<br><br>सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ९ अनुसार प्रत्येक आर्थिक वर्षको श्रावण मसान्त भित्र लाभग्राहीको परिचयपत्र नविकरण गर्नुपर्ने र नियम ११ मा नियम ५ अनुसार छनौट भएका लाभग्राहीलाई तोकिए अनुसारको समयपछि भत्ता वितरण हुनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाबाट नविकरण सम्बन्धमा विवरण प्राप्त नभएकोले यस सम्बन्धमा थप यकिन गर्न सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ५४ | | | **पेश्की**<br>आर्थिककार्यविधि तथा वित्तीय उत्तरदायित्वनियमावली, २०७७कोपरिच्छेद ५ अनुसार तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्नेमा निम्न अनुसारको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्यौंट हुनुपर्ने रु... | २,१५०,००० |

| **पेश्की लिनेको नाम** | **पेश्की दिएको मिति** | **पेश्की रकम** | | **पेश्कीको किसिम** |
|---|---|---|---|---|
| | | **म्याद नाघेको** | **म्याद ननाघेको** | |
| **गाउँपालिका चालुतर्फ** | | | | |
| वडा सचिव राम चन्द्र खत्री | २०७७।१२।३ | ४६०००० | | कर्मचारी |
| रोजगार संयोजक कृष्ण प्रसाद चम्लागाई | २०७७।३।२८ | १३०००० | | कर्मचारी |
| **गाँउपालिका पूँजिगततर्फ** | | | | |
| वडा सचिव राम चन्द्र खत्री | २०७७।१२।३ | ८०००० | | कर्मचारी |
| त्रिमोहन मा.वि. | २०७७।१२।२५ | २७०००० | | संस्थागत |
| फाक्चुवा सिम्ले सिंचाई कुलो उ.स. | २०७७।१०।२५ | १५०००० | | संस्थागत |
| पञ्चकन्या पञ्चदेवी मन्दिर निर्माण उ.स. | २०७७।११।५ | ३००००० | | संस्थागत |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छातेढुंगा कर्बड हल निर्माण उ.स. | २०७७।११।६ | २१०००० | | संस्थागत | | |
| | | | | पाथिभारा देवस्थल भवन निर्माण उ.स. | २०७७।११।९ | ३००००० | | संस्थागत | | |
| | | | | ७ नं. वडा कार्यालय भवन निर्माण उ.स. | २०७७।१२।३ | ९००००० | | संस्थागत | | |
| | | | | यलम्बर हाङ्गहिम भवन निर्माण उ.स. | २०७७।१२।१६ | १५०००० | | संस्थागत | | |
| | | | | **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम पूँजिगततर्फ** | | | | | | |
| | | | | कन्काई म्युचल जे.भी. | २०७८।३।२९ | | २८६८४२६ | मोविलाईजेशन | | |
| | | | | **कुल जम्मा** | | **२९५००००** | **२८६८४२६** | | | |